नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

P.O. Box no. 213213
Tel: +977-1-4211195, +977-1-4211090
Email: info@bipad.gov.np
Website: bipad.gov.np

# मनसुन २०८१ को ९० दिने अवस्था प्रतिवेदन

(२०८१ जेठ २८ – २०८१ भदौ २२)

मनसुनजन्य विपद्का घटना र त्यसबाट सिर्जित क्षति गत वर्षभन्दा यो वर्ष उल्लेख्य रुपमा बृद्धि भएको छ । जल तथा मौसम विज्ञान विभागले यो वर्ष सरदरभन्दा बढी पानी पर्ने संभावना ३५ देखि ५५ प्रतिशत रहेको प्रक्षेपण गरे अनुसार नै अत्यधिक वर्षा भएकाले विपद्का घटना बढेका छन् । २०८१ जेठ २८ गते सुरु भएको मनसुन अझै सक्रिय छ । नेपालमा मनसुन सरदर मध्य असोजसम्म रहन्छ ।


यो वर्ष विपद्का घटना बढ्न सक्ने पूर्वानुमान गरिएको थियो र क्षति कम गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनपूर्व नै तयारी सुरु गरेको थियो। जसअन्तर्गत स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, दातृ संस्था, निजी क्षेत्र लगायतसँग पूर्वतयारी र प्रतिकार्यबारे पर्याप्त छलफल गरिएको थियो। उनीहरुलाई विपद्को समयमा आवश्यकताअनुसार तुरुन्तै काम गर्नको लागि तयारी अवस्थामा रहन निर्देश गरिएको थियो। पूर्वतयारी र प्रतिकार्यमा ध्यान पुर्‍याउन सकेकैले विपद्को सघनताको तुलनामा मानवीय क्षति कम गर्न सकिएको छ। उदाहरणका लागि कञ्चनपुरको दोधारा चाँदनी नगरपालिकामा नेपालमा हालसम्म रेकर्ड गरिएकोमध्ये सबैभन्दा धेरै ६२४ मि.मि. वर्षा हुँदा पनि उक्त स्थानीय तहमा मानवीय क्षति भने भएन।

यसैबीच प्राधिकरणले विपद्बाट जोगिनका लागि सूचनाहरु रेडियो, टेलिभिजन जस्ता सञ्चार माध्यमबाट पनि व्यापक प्रचार प्रसार गरिरहेको छ। त्यसैगरी सामाजिक सञ्जालहरु फेसबुक, ट्वीटर, युट्यूव र भाइबरमा रहेका आधिकारिक पेज तथा च्यानलबाट पनि जनचेतनामूलक सामग्रीहरु प्रशस्तै प्रवाह गरिरहेको छ ।

## हाइलाइट :

- २०८१ जेठ २८ देखि २०८१ भदौ २२ सम्म ९० दिनमा मनसुनजन्य घटनाबाट २२५ जनाको मृत्यु, ४९ जना बेपत्ता र २८४ जना घाइते।
- मनसुनजन्य विपद् प्रभावित परिवार संख्या ४,६१५।
- गतवर्ष यसै अवधिमा ८५ जनाको मृत्यु, २९ जना बेपत्ता, १२६ जना घाइते र विपद् प्रभावित परिवार ६,०३०।
- मनसुनजन्य विपद्ले सबैभन्दा धेरै बागमती प्रदेशमा ५७ जनाको मृत्यु र सबैभन्दा कम मधेस प्रदेशमा ५ जनाको मृत्यु।
- मनसुनजन्य विपद्मध्ये सबैभन्दा धेरै पहिरोबाट १३५ जना र सबैभन्दा कम भारी वर्षाबाट १ जनाको मृत्यु।
- असार २८ गते चितवनको भरतपुर महानगरपालिकाको सिमलतालमा गेग्ग्रान बहाबमा परी दुई बसका ६२ जना यात्रु त्रिशुली नदीमा बेपत्ता। २४ जनाको शव फेला परेको।
- कञ्चनपुरको दोधारा चाँदनीमा ऐतिहासिक वर्षा।जल मापनको ७७ वर्षको इतिहासमा सबैभन्दा धेरै ६२४ मि.मि वर्षा।

## मनसुनको ९० दिनमा मनसुनजन्य घटनाहरुको क्षति नक्सामा





नक्सा स्रोत : https://bipadportal.gov.np/incidents/

## मनसुनजन्य विपद्ले क्षति पुगेका सरकारी तथा निजी भौतिक संरचनाहरु

- निजी घर क्षति
  पूर्ण क्षति : २७२
  आंशिक क्षति : १९७
- विद्यालय ९
- जलविद्युत आयोजना १०
- स्वास्थ्य चौकी १
- पक्की पुल १०
- झोलुङ्गे पुल / काठको पुल २०


# मनसुनजन्य विपद्का घटना र मानवीय क्षति

| विपद् | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| बाढी | २८५ | ४९ | ११ | २५ | १,८१८ |
| पहिरो | ६९१ | १३५ | ३८ | ११२ | १,०७८ |
| भारी वर्षा | ४१५ | १ | ० | २८ | १,४६७ |
| चट्याङ | १९३ | ४० | ० | ११९ | २५२ |
| जम्मा | १,५८४ | २२५ | ४९ | २८४ | ४,६१५ |




# अन्य विपद्का घटना

| विपद् | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| आगलागी | ५०८ | ३ | ० | ५१ | ५८२ |
| हावाहुरी | ३५ | ० | ० | ७ | ६० |
| जनावर आक्रमण | १२२ | ५ | ० | ५६ | १७४ |
| वन डढेलो | ८ | ० | ० | ० | ४ |
| लेक लाग्नु | १५ | ५ | ० | ९ | १५ |
| सर्पदंश | ५५ | १२ | ० | ४३ | ५६ |
| जम्मा | ७४३ | २५ | ० | १६६ | ८९१ |




## बाढी, पहिरो, भारी वर्षा र चट्याङको एकमुष्ट तुलना


| मिति | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| २०८१ जेठ २८ - भदौ २२ | १,५८४ | २२५ | ४९ | २८४ | ४,६१५ |
| २०८० जेठ ३१ – भदौ २५ | ८३८ | ८५ | २९ | १२६ | ६,०३० |

## गत वर्ष र यो वर्षको क्षति


### बाढीबाट क्षति





### पहिरोबाट क्षति




### चट्याङ्बाट क्षति




### भारी वर्षाबाट क्षति



## मनसुनको ९० दिन: प्रदेशगत मनसुनजन्य घटना र क्षति

| प्रदेश | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| कोशी | ५०२ | ३२ | १ | ४७ | १,१७६ |
| मधेश | ८० | ५ | १ | १४ | ४९४ |
| वागमती | २३९ | ५७ | ४२ | ३८ | ४५८ |
| गण्डकी | २२२ | ५६ | २ | ४९ | ४१९ |
| लुम्बिनी | २०४ | ४० | १ | ३३ | ४०१ |
| कर्णाली | १७६ | १७ | १ | ७३ | ३२६ |
| सुदूरपश्चिम | १६० | १८ | १ | ४० | १,३३४ |

## मनसुनको ९० दिन :सबैखाले विपद्का प्रदेशगत घटना र क्षति

| प्रदेश | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| कोशी | ७२८ | ३५ | १ | ८० | १,४६४ |
| मधेश | २०७ | १० | १ | ५३ | ६४८ |
| वागमती | ३६३ | ८३ | ४२ | ५९ | ६२३ |
| गण्डकी | २७९ | ६३ | २ | ६४ | ४७१ |
| लुम्बिनी | ३२४ | ४८ | १ | ७१ | ५५७ |
| कर्णाली | २२१ | १८ | १ | ९३ | ३७५ |
| सुदूरपश्चिम | २१५ | २३ | १ | ५३ | १,३९७ |
| जम्मा | २,३३७ | २८० | ४९ | ४७३ | ५,५४३ |

## मनसुनपछि विभिन्न जिल्लामा पठाइएका राहत सामग्रीको विवरण

| तारपोलिन | ब्ल्याङ्केट | म्याट्रेस | भाँडाकुँडा | झुल | सरसफाई/ डिग्निटी किट | कपडा (मिटर) | सारी |
|---|---|---|---|---|---|---|---|
| २,०५० | १,०३० | ६१० | ५५५ | १५० | २२५ | ३,२४५ | १५० |


स्रोत : नेपाल रेडक्रस सोसाइटी

| त्रिपाल | टेन्ट | ब्ल्याङ्केट | म्याट्रेस | स्लिपिङ ब्याग | झुल |
|---|---|---|---|---|---|
| १०८० | १७६ | ३०० | १०० | ५० | २०० |


स्रोत: गृह मन्त्रालय

# मनसुन २०८१ वर्षा विवरण

यस वर्ष मनसुन आगमन भए देखिको ९० दिन (जेठ २८ देखि भदौ २२ गते सम्म) मा मापन गरिएको वर्षाको नक्साः




चित्र १- यस वर्ष मनसुन आगमन भए देखिको ९० दिन (जेठ २८ देखि भदौ २२ गते सम्म) मा मापन गरिएको वर्षाको नक्सा




चित्र २- यस वर्ष मनसुन आगमन भए देखिको ९० दिन (जेठ २८ देखि भदौ २२ गते सम्म) मा प्रमुख २० वटा वर्षा मापन केन्द्रमा मापन गरिएको वर्षाको सरदर संगको तुलना

यस अवधिको जम्मा वर्षाः १३५१.७ मि.मि.

यस अवधिको सरदर वर्षाः १२२५.१ मि.मि.

सरदर संगको वर्षाको तुलनाः ११०.३%

# मनसुनजन्य विपद्का केही तस्वीरहरु



काठमाण्डौ : काठमाण्डौको गोल्फुटारमा रहेको एक घर पछाडी पट्टी भदौ १८ गते पहिरो जाँदा घर नै जोखिममा रहेको छ। एउटा स्कुटर र वासिङ मेसिन पहिरोले क्षति गरेको थियो।



बर्दिया बढैयाताल गाउँपालिका – १ को डाँफे र शान्तिपुरमा २०८१ भदौ २ गते ठुलो पानी पर्दा गाउँ डुबानमा परेपछि उद्धार गर्दै सुरक्षाकर्मी





दोरम्बा: रामेछापको दोरम्बा शैलुङ गाउँपालिका – ३ मा भदौ ८ गते राती गएको पहिरो पन्छाउदै सुरक्षाकर्मीहरु। पहिरोमा परी आठ जनाको निधन भयो भने एक जना अझै बेपत्ता छन।

## मनसुनजन्य विपद्का घटना लगत्तै खोज, उद्धार तथा राहतको काम

- नेपाल प्रहरीबाट ८,२५२ जना, सशस्त्र प्रहरीबाट ५,८१७ जना र नेपाली सेना बाट ४,७०८ जना गरी जम्मा १८,७७७ जनशक्ति खोज, राहत तथा उद्धारमा संलग्न रहेको।
- मनसुन सुरु भएयता प्राधिकरणबाट १६ जिल्लाका जिल्ला विपद् व्यवस्थापन कोषमा दुई करोड ५९ लाख ३६ हजार रुपैयाँ निकासा गरिएको।
- मनसुनबाट प्रभावित परिवारलाई तत्काल राहत स्वरुप रु १५ हजार देखि २० हजार रुपैयाँसम्म उपलब्ध गराइएको।
- मृतकको परिवारलाई राहत मापदण्डअनुरुप दुई लाख रुपैयाँका दरले वितरणका लागि जिल्ला विपद् व्यवस्थापन कोषमा रकम पठाइएको।
- जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस लगायत विभिन्न संघ संस्थाद्वारा प्रभावित परिवारलाई तत्काल खाद्यान्न तथा गैरखाद्यान्न वितरण गरिएको।
- पूर्वतयारी, खोज, उद्धार तथा राहतमा तुरुन्तै काम गर्न गृह मन्त्रालयको विपद् तथा द्वन्द व्यवस्थापन शाखा प्रमुखको संयोजकत्वमा मनसुन पूर्वतयारी र एवं प्रतिकार्य कमाण्ड पोष्ट क्रियाशील ।

### सम्बन्धित दस्तावेजहरु

- मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८१ https://bipad.gov.np/np/1160
- दैनिक विपद् बुलेटिन https://bipad.gov.np/np/daily-bulletin

मिति : २०८१ भदौ २५

नेपाल सरकार

**गृह मन्त्रालय**

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

सिहदरबार, काठमाडौं